REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 20.05.2025

---

*प्रधानमन्त्री- मुख्यमन्त्री*

सिक्किम राज्य स्थापनाका 50 गौरवशाली वर्षहरू पूरा भएको संवधमा जारी कार्यक्रमहरूको एक भाग अंतर्गत आज मुख्यमन्त्री प्रेमसिंह तामाङले प्रधानमन्त्री नरेन्द्र मोदीसित नयाँ दिल्लीमा भेट गर्नुभयो । OP सिन्दूर को असाधारण सफलताका लागि उहाँले श्री मोदीलाई बधाई दिनुभयो ।

सिक्किम आगमनका लागि प्रधानमन्त्रीलाई श्री तामाङले औपचारिक निमन्त्रण पनि दिनुभयो ।

---

*एस के एम- प्रधानमन्त्री*

सिक्किम क्रान्तिकारी मोर्चाका पार्टी अध्यक्ष एवम मुख्यमन्त्री प्रेम सिंह तामाङको विशेष मार्गनिर्देशनमा पार्टीको केन्द्रीय समितिको समन्वय सभा आज देवराली स्थित समाज कल्याण घरमा संपन्नभयो । पार्टीका कार्यकारी अध्यक्ष कुङगा निमा लेप्चाको सभाध्यक्षतामा संपन्न सभागा, प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी सिक्किम भ्रमणलाई लिएर विशेष छलफल र अन्तरक्रिया गरियो । सभालाई सम्बोधन गर्दै पार्टीका महासचिव तथआ सिक्किम सरकारमा मन्त्री अरूण उप्रेतीले सिक्किम राज्य स्थापनाको 50 औं वर्षगाँठको अवसरमा देशका प्रधानमन्त्री श्री नरेन्द्र मोदीको आगामी (29) मईका दिन सिक्किम आगमन हुने जानकारी गराउँदै पार्टी अध्यक्ष एवं मुख्यमन्त्रीको विशेष निर्देशनमा कार्यक्रमलाई सफल पार्न आवहान गरे ।

सबैलाई आ आफ्नो पारम्परिक वेषभूषा मा उपस्थित रहेर प्रधानमन्त्रीलाई स्वागत जनाउन आवहान पनि गरियो ।

---

*नाम्ची- स्वच्छचा अभियान*

नाम्चीको जिल्ला प्रशासनिक केन्द्रमा स्वच्छ सिक्किम राज्य स्थापनाको 50 वर्ष पूरा भएको उपलक्ष्यमा, एक पल्टमा अभियानका लगि तयारीहरूलाई अंतिम रूप दिनु भनि एक समन्वय

बैठक आयोजित गरिएको थियो । यो अभियान, 24 मईका दिन, जोरथाङ देखि मल्ली राजमार्गमा हुने निर्धारितछ ।

नाम्चीका अतिरिक्त जिल्लाधीश सुभाष घिमिरेले बैठकको अध्यक्षता गर्नुभयो । बैठकको बेला स्वच्छता अभियानबारे संक्षिप्तमा जानकारी दिइयो । श्री घिमिरेले स्वास्थ्य विभागलाई, सावधान स्वरूप, प्राथमिक उपचार टोलीहरूलाई पनि तैनाथ गर्ने अनुरोध गर्नुभयो।

बैठकमा, कार्यलय प्रमुख, विभिन्न विभागका प्रतिनिधिहरू अनि गैर सरकारी संस्थानहरूको सहभागिता रहेको थियो ।

---

*IIMC- Trainee Officers*

भारतीय सूचना सेवा (IIS) को वपिष्ठ ग्रेड समूह बि का 28 प्रशिक्षक अधिकारीहरूको एक समूहले आज पत्र सूचना कार्यलय र आकाशवाणी गान्तोक कार्यलयहरूको भ्रमण गरयो । उनीहरू वर्तमानमा भारतीय जनसंचार संस्थान, IIMC नयाँ दिल्लीबाट अध्ययन भ्रमण सिक्किममा छन् । आकाशवाणी तथा दूरदर्शन केन्द्र, गान्तोकका कलस्टर प्रमुखनीरज पाण्डे, इंजीनियरिङका सहायक निदेशक कमल कुमार श्रीवास्तव र क्षेत्रीय समाचार एकाइका प्रमुख तथा पत्र सूचना कार्यलय (PIB) गान्तोकका सहायक निदेशक मानस प्रतिम सरमाले उनीहरूलाई स्वागत जनाए । उनीहरूलाई परम्परागत खादा र स्मृति चिहन्ले न्यायो स्वागत जनाइयो ।

श्री सरमाले आफ्नो स्वागत भाषणमा अधिकारीहरूलाई PIB र आकाशवाणी समाचारका गतिविधिहरूबारे जानकारी दिनुभयो । श्री नीरज पाण्डेले आफ्नो भाषणमा सबै युवा अधिकारीहरूली समाजका लागि आफ्नो सर्वश्रेष्ठ दिने आग्रह गर्नुभयो । वरिष्ठ समाचार वाचिका उषा शर्माले पनि उनीहरूसंग आफ्ना अनुभव साझा गरिन् ।

प्रशिक्षु अधिकारीहरूले भारतीय वनस्पति सर्वेक्षणको क्षेत्रीय कार्यालयको भ्रमण पनि गरे । क्षेत्रीय कार्यालयका प्रमुख डा. राजीव गोगोई र उनको टोलीले उनीहरूलाई एकाइका विभिन्न गतिविधिहरूबारे जानकारी गराए ।

---

*सिक्किम- भारी वर्षा*

भारतीय मौसम विज्ञान विभागले एउटा विशेष मौसम बुलेटीन जारी गर्दै, मई 20 र 21 मा सिक्किमका कैयन जिल्लाहरूमा भारी देखि मूसलाधार वर्षा हुने पूर्वानुमान गरेकोछ। यसले गर्दा होचा क्षेत्रहरूमा पानी जमा हुने, दृश्यतामा कमी आउने, यातायात बाधित हुने अनि पहिरोजाने जस्ता घटनाहरू हुनसक्छन्।

नागरिकहरूलाई पहिरोजाने सक्ने क्षेत्रहरूबाट यात्रा न गर्ने आधीबेरीको बेलामा, रूख अथवा बिजुलीका खंबाहरू मुनि ओत न लाग्ने अनि जति सक्दो घरभित्रै बस्ने सल्लाह दिइएकोछ। यात्रा गर्न अघाढ़ी मौसम अनि सड़कको अवस्थाको जांच गर्ने पनि भनिएकोछ।

---

*खेलो इंडिया बीच गेम्स*

खेलो इंडिया बीच गेम्स 2025 को आज देखि दीवमा थालनी भएकोछ।

प्रतियोगितामा देशभरिका 22 राज्य अनि केन्द्र शासित प्रदेशहरूका एक हजार भन्दा बढ़ि खेलाड़ीहरू छह वटा पदक प्रतियोगितामा मलखव र टग अफ वार दुई प्रदर्शन स्पर्धाहरू पनि छन्।

खेलो इंडिया विन्टर बिच गेम्स 2025 र हालैमा संपन्न, यूथ गेम्स पछी खेलो इंडिया प्रतियोगिताको यो तेस्रो आयोजन हो।

---

*पंजाब- तिरंगा यात्रा*

पंजाबमा, अमृतसरमा आज तिरंगा यात्रा निकालियो। पहलगाम आतंकी हमलाको जवाफमा ओपरेशन सिन्दूर को सफलता पछी, भारतीय सशस्त्र बलको साहस र बलिदानलाई सम्मान गर्दै ठूलो संख्यामा मानिसहरू यात्रामा शामेल भए। एक सय फीट लामो तिरंगा झण्डा लिएर निस्केको यात्रा अमृतसर शहरको कैयन बजारहरू हुँदै लाहौरी गेटमा संपन्न भएको थियो। बाटोभरि देशभक्तिका नाराहरू लगाइए ष राज्यका अन्य भागहरूमा पनि यस्ता यात्राहरू निकालिदैछन्।

---

*राज्यपाल- भेटघाट*

आज राज्यभवनमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुरसित क्षेत्रिय तिब्बती युवा कंग्रेस, गान्तोकका अध्यक्ष तेनजिंग छेफेल भूटिया र अन्य कार्यकारी सदस्यहरूले शिष्टाचार भेट गरे।

प्रतिनिधिहरूले 14 औं दलाई लामा द्वारा लिखित पुस्तर Voice of The Voiceless पनि राज्यपाल माथुरलाई भेट गरे ।

बैठकको बेला, उनीहरूले भारत र विदेशहरूमा बसोबासगरि रहेका तिब्बती समुदायको वर्तमान स्थिति र अनुभवहरले श्री माथुरलाई अवगत गराए ।

आज प्रदेशका पूर्व सांसदहरूको एक दलले पनि राज्यपाल ओम प्रकाश माथुरसित राजभवनमा शिष्टाचार भेट गरेका थिए ।

---